# नेपाल सरकार

**प्रदेश प्रमुख**
**बागमती प्रदेश**
**हेटौंडा, मकवानपुर**

## शुभकामना सन्देश

नेपाल **"मर्यादित सहकारी : समुन्नत समाज"** भन्ने मुख्य नाराका साथ आज देशैभरी मनाउन लागिएको ६८ औं राष्ट्रिय सहकारी दिवसको उपलक्ष्यमा सम्पूर्ण सहकारीकर्मी, सहकारी अभियन्ता र सहकारीमा संलग्न दिदीबहिनी तथा दाजुभाइहरूमा हार्दिक शुभकामना व्यक्त गर्दछु ।
चितवनको बखानपुर ऋण सहकारी संस्थाको स्थापना वि. सं. २०१३ साल चैत्र २० गते भएको हो । यही दिनलाई ऐतिहासिक दिनको रुपमा लिदै हरेक बर्ष आजकै दिन राष्ट्रिय सहकारी दिवस मनाइन्छ । समाजको सामाजिक, सांस्कृतिक र खासगरी आर्थिक रूपान्तरणमा सहकारी क्षेत्रको ठूलो योगदान रहेको छ। निम्न आय भएका किसान, श्रमिक र मजदूरको समुदायभित्रकै पूँजी परिचालनमार्फत् आर्थिक संकट टार्ने, उद्यमशीलता विकास गर्ने अनि बचतको संस्कृति मार्फत् आर्थिक उपार्जनमा मद्दत गर्ने सहकारी क्षेत्रको अभियान/ योगदान प्रसंशनीय छ। नेपालको संविधानले सार्वजनिक, निजी र सहकारी क्षेत्रको सहभागिता तथा विकास मार्फत् समृद्ध अर्थतन्त्रको परिकल्पना गरेको छ। सहकारीको विकास र बिस्तार सम्मृद्किो महत्वपूर्ण पाटो हुनसक्छ। केही व्यक्तिहरूको संलग्नतामा बचतकर्ताहरूको रकम हिनामिना गरि आर्थिक अपराध गर्ने र सम्पूर्ण सहकारी क्षेत्रलाई बदनाम गराउने क्रियाकलापहरू भएको सन्दर्भमा सहकारीकर्मीहरू सचेत र गम्भीर भइ गलत प्रवृत्तिको पुनरावृत्ति हुन नदिन पहल गर्नुपर्दछ। सम्बन्धित निकायले बचतकर्ताको बचत सुरक्षणमा कुनै कसर बाँकी राख्नुहुदैन । सहकारी सस्थाहरू पारदर्शिता, उत्तरदायित्व र सुशासनका आधारमा मर्यादित तथा अनुशासितरूपमा सन्चालन गरिनुपर्छ। अन्तमा आजको दिनले सहकारीको गरिमालाई उचो राख्न सबैलाई प्रेरणा दिनेछ भन्ने अपेक्षासहित् पुनः सबैलाई राष्ट्रिय सहकारी दिवस २०८१ को शुभकामना व्यक्त गर्दछु।

**२०८१ साल चैत्र २० गते, बुधबार**
**ने. सं. ११४५ चौल्लाथ्व: पञ्चमी**

**दीपक प्रसाद देवकोटा**
**प्रदेश प्रमुख**